**आदरणीय नगरसभा सदस्यज्यूहरु,**

१. यस सम्मानित सातौ नगरसभालाई सम्वोधन मार्फत यस लमही नगरपालिकाको आर्थिक बर्ष २०७७०७८ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्तै खुसी लागेको छ ।

२. यस अवसरमा संघीय लोकतान्त्रिक गणतन्त्रलाई मूर्तरुप दिदा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात, अज्ञात शहिदहरुप्रति भावपूर्ण श्रद्धासुमन अर्पण गर्न चाहन्छु । साथै सामाजिक न्याय, समावेशिता, राष्ट्रियता प्रति प्रतिवद्ध भई नागरिक हक सहितको न्यायपूर्ण समाज निर्माणको नेतृत्व गर्नुहुने अग्रजहरुप्रति उच्च सम्मान व्यक्त गर्दै सामाजिक रुपान्तरणको क्रममा घाईते, वेपत्ता व्यक्ति तथा परिवारहरुलाई सम्मानका साथ सम्झन चाहन्छु ।

३. कोभिड-१९ (कोरोना भाइरस) महामारीले सम्पूर्ण विश्व नै असहज र सङ्कटपूर्ण स्थिति बाट गुज्रिरहेको छ । यस महामारीबाट सङ्क्रमित भई नेपाल भित्र तथा विदेशमा ज्यान गुमाउने नेपाली तथा विदेशी नागरिकका परिवारजनप्रति समवेदना व्यक्त गर्दै उपचारतहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

४. यस्तो जोखिमपूर्ण स्थितिमा अग्रपङ्क्तिमा रहेर सेवा गर्ने स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सफाईकर्मी, एम्वुलेन्स चालक, पत्रकार, संघसंस्था जनप्रतिनिधि लगायत कर्मचारीहरुको म उच्च प्रशंसा गर्दछु । साथै यस लमही नगरपालिकाको कोरोना रोकथाम, नियन्त्रण र उपचार कोषमा आर्थिक तथा भौतिक सहयोग उपलब्ध गराउनुहुने सबैलाई धन्यवाद दिन चाहन्छु ।

**नगरसभाका सदस्यज्यूहरु,**

विकास निर्माणका गतिविधिलाई तीव्रता दिने समयमा कोभिड-१९ को महामारी सँग जुझनुपर्दा विकास प्रयासमा पक्कै पनि गतिरोध उत्पन्न भएको छ, फलत : चालु आ.ब.मा नगरपालिकाको नीति तथा कार्यक्रममा समावेश भएका कतिपय कार्यक्रम तथा भौतिक पूर्वाधार निर्माणमा आशातित उपलब्धि हासिल गर्न नसकिएको यथार्थ घाम जस्तै छर्लङ्ग छ ।

सार्वजनिक जीवन नै अवरुद्ध हुन पुगेको बर्तमान असहज अवस्थाको बाबजुद पनि आम नगरवासीको सपना साकार पार्न हामी निरन्तर प्रयासरत रहेकै छौ ।

अब म चालू आर्थिक बर्ष २०७६/०७७ को नीति तथा कार्यक्रममा भएका केही महत्वपूर्ण उपलब्धिहरुको बारेमा संक्षेपमा पकाश पार्न चाहन्छु ।

५. कार्यालयबाट संम्पादन गरिने सेवा प्रवाहलाई थप प्रभावकारी, चुस्त र गुणस्तरयुक्त बनाउन आवश्यक कार्यालयको Lay-out सेवामैत्री गराउने उद्देश्यका साथ सुरु गरिएको प्रशासकीय भवन निर्माण कार्य अन्तिम चरणमा पुगेको छ ।

६. देउखुरी उपत्यका साथै दाङ जिल्लाका सर्पदंशका बिरामीहरुको सहज र भरपर्दो उपचारको लागि सर्पदंश उपचार केन्द्रको भवन (प्रथम चरण) निर्माण गर्ने कार्य सम्पन्न भएको छ ।

७. कोभिड-१९ को सङ्क्रमण रोकथाम तथा नियन्त्रणको लागि नेपाल सरकारले घोषणा गरेको बन्दबन्दीका कारण असङ्गठित क्षेत्रमा कार्यरत मजदुरहरु, विपन्न वर्ग तथा अफ्ट्यारोमा परेका वर्गलाई तत्काल राहत उपलब्ध गराईनुका साथै विदेश तथा स्वदेशका विभिन्न ठाउँबाट आएका व्यक्तिहरुलाई राख्न नगरपालिकाका सवै वडाहरुमा क्वारेन्टिन संचालन तथा व्यवस्थापन गरिएको छ । जसले गर्दा हाल सम्म समुदायमा कोभिड-१९ फैलनबाट रोक्न प्रभावकारी सफलता मिलेको छ ।

८. आन्तरिक पर्यटन प्रवर्द्धनमा टेवा पुऱ्याउन लमही नगरपालिका वडा नं. ५ ग्रीन पार्कमा भ्यूटावर निर्माण कार्य अन्तिम चरणमा पुगेको छ । साथै जखेरा ताल र बगारवावा धार्मिक स्थल रिहार क्षेत्रको नगर गुरुयोजना तयार भई पूर्वाधार निर्माणमा तिव्रता आएको छ ।

९. यस लमही नगरपालिकाको नगर क्षेत्र भित्रमा हाल सम्म जम्मा ९ कि.मि. सडक कालोपत्रे भएको छ भने ६३ कि.मि. सडक ग्राभेल भएको छ ।

१०. ज्येष्ठ नागरिकको एकता सगै जीवन सहज बनाउन नगर स्तरीय ज्येष्ठ नागरिक सञ्जाल गठन भई ज्येष्ठ नागरिक दिवा सेवा केन्द्र सञ्चालनको क्रममा छ । साथै सवै वडामा वडा स्तरीय ज्येष्ठ नागरिक सञ्जाल गठन भई वडा नं. ६ र वडा नं. ८ मा ज्येष्ठ नागरिक  मिलन केन्द्र समेत सञ्चालनमा आएका छन् ।

११. हाल सम्म यस लमही नगरक्षेत्र भित्रका विभिन्न किसिमका अपाङ्गता भएका २४१ व्यक्तिलाई अपाङ्गता परिचय पत्र वितरण गरि नगरका तर्फबाट प्रदान गरिने सेवा सुविधामा उनिहरुको पहुँच सुनिश्चित गरिएको छ । साथै हिंसा पीडित महिला तथा बालबालिकालाई उद्धार गरि सुरक्षित रुपमा राख्न र सहारा दिन मनकामना सहकारी संस्थाको सहकार्यमा सेफ हाउस संचालनमा आएको छ ।

१२. यस लमही नगरपालिका भित्रका बेरोजगारको EMIS Entry सम्पन्न भई ति मध्ये करिव २०० भन्दा बढी बेरोजगारलाई लाभग्राही परिचय पत्र वितरण गरी प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजनामा रोजगारी दिइएको छ ।

१३. लमही नगरपालिका भित्रको दिसाजन्य लेदो व्यवस्थापनको गर्न Treatment Plant निर्माणको लागि DPR तयार गरिएको छ ।

१४. प्रदेश सरकारको सहयोगमा यस लमही नगरपालिकाको WASH Plan को लागि तथ्याङ्क सङ्कलन भई प्रोफाइल निर्माण कार्य अन्तिम चरणमा पुगेको छ । साथै गरिव घर पहिचान गरि परिचय पत्र वितरणका लागि तथ्याङ्क संकलन कार्य सुरु भएको छ ।

१५. राजस्व संकलनमा Online software को प्रयोग भई राजश्व संकलनमा पारदर्शिता कायम गरिनुका साथै अस्पताल, स्वास्थ्य चौकीहरु तथा स्वास्थ्य केन्द्रहरुबाट नियमित Online system को माध्यमबाट मासिक प्रतिवेदन लिई आवश्यकता अनुसार सुधारात्मक कार्य अगाडि बढाइएको छ ।

१६. लमही नगरपालिका वडा नं. ९ रिहारमा पशु स्वास्थ्य सेवा केन्द्र स्थापना गरि पशु स्वास्थ्य सेवालाई जनताको घरदैलोमै पुऱ्याउने कार्यको सुरुवात गरिएको छ ।

१७. लमही नगरपालिकाको वडा नं. ७ मा स्थापना गरिने औद्योगिक ग्रामको DPR निर्माण कार्य सम्पन्न भएको छ ।

१८. लमही नगरपालिकामा नगर आपत्कालिन कार्य संचालन केन्द्रको स्थापना भई आपत्कालिन उद्धारमा तत्काल Response गर्न सकिने गरि तयारी अवस्थामा रहेको छ ।

१९. तरकारी, खाद्यान्न, दुध तथा दुधजन्य पदार्थ, माछा, मासुमा लमही नगरपालिका आत्मनिर्भर भएकोछ ।

आदरणीय नगरसभा सदस्यज्यूहरु,

अब म लमही नगरपालिकालाई सुन्दर, समृद्ध, आत्मनिर्भर नगरपालिका बनाउने ध्येयका साथ लमही नगरपालिकाका बासिन्दाहरुको सर्वोपरी हित सम्मुन्नतिका लागि तयार पारिएको आर्थिक बर्ष २०७७/०७८ को लागि लिईएका प्रमुख नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्दछु ।

२०. विश्वव्यापी महामारीको रुपमा देखिएको कोभिड-१९ का कारण प्रभावित विकासलाई गति दिई संघीय तथा प्रदेश सरकारले अवलम्बन गर्ने नीति अनुरुप हुने गरी कोरोना भाइरसको सङ्क्रमण रोकथाम, नियन्त्रण, प्रतिकार्य र उपचारलाई प्रभावकारी बनाउने, क्वारेन्टिन व्यवस्थित बनाउने र आधारभूत आवश्यकताका वस्तुको सहज आपूर्तिको व्यवस्था मिलाउदै रोजगारी गुमाएका तथा बेरोजगार व्यक्तिलाई लक्षित गर्दै कोभिड-१९ को असर न्यून गर्नेगरि रोजगारीका अवसर बढाउने तथा कृषिक्षेत्रको उत्पादन र उत्पादकत्व वढाई आम जनताको जीवनस्तरमा सुधार गर्ने कार्यलाई प्रभावकारी रुपमा संचालन गर्ने तर्फ आगामी आर्थिक बर्ष २०७७/०७८ को लमही नगरपालिकाको नीति तथा कार्यक्रम लक्षित गरिएको छ ।

२१. कोभिड-१९ को सङ्क्रमण रोकथाम तथा नियन्त्रणको लागि पर्याप्त रकम छुट्याई सो कोषको प्रयोग कोभिड-१९ को बहुआयामिक असरलाई न्यूनिकरण गर्ने खालका कार्यक्रममा केन्द्रित गरिनेछ ।

२२. जनताको आधारभूत मौलिक हकको रुपमा रहेको स्वास्थ्य सेवामा सबैको सहज पहुँच स्थापित गर्ने नीति लिईनेछ । यसको लागि संघीय सरकारबाट प्राप्त स-शर्त कार्यक्रम र बजेटसँग तालमेल हुनेगरी स्वास्थ्यका कार्यक्रमहरुलाई प्रभावकारी बनाउन आवश्यक ब्यवस्था गरिने छ ।

२३. सबै वडाहरुमा नगर स्वास्थ्य केन्द्र स्थापना गर्ने कार्यलाइ निरन्तरता दिदैं संचालित नगर स्वास्थ्य केन्द्रहरु र स्वास्थ्य चौकीहरुमा औषधि उपकरणको अभाव हुन नदिई त्यस्ता संस्थाबाट प्रदान गरिदै आएको स्वास्थ्य सेवा थप गुणस्तरीय बनाउने नीति अवलम्वन गरिनेछ । साथै गरिव, सिमान्तकृत तथा पछाडि परेका समुदायहरुमा आवश्यकताका आधारमा स्वास्थ्यसेवाको विस्तार गर्न लमही नगरपालिकाको नगर स्वास्थ्य नीति र नगर स्वास्थ्य ऐन तर्जुमा गरी कार्यान्वयनमा ल्याईने छ ।

२४. यस लमही नगरपालिका भित्र संचालित स्वास्थ्य चौकीहरुमा क्रमशः कम्तिमा १ जना MBBS डाक्टरबाट स्वास्थ्य सेवा प्रदान गर्ने नीति अवलम्वन गरिने छ ।

२५. देउखुरी उपत्यकामा रहेको एक मात्र अस्पताल लमही अस्पताललाई थप सेवामुखी, श्रोत साधनयूक्त, दक्ष चिकित्सक र स्वास्थ्य सामग्री व्यवस्था गरी माइनर अपरेशन सेवाको सुरुवात, आकस्मिक स्वास्थ्य सेवा, प्रयोगशाला सेवा, सुरक्षित मातृत्व तथा नवशिशु स्वास्थ्य सेवा, बहिरंग र अन्तरंग सेवालाई थप गुणस्तरीय बनाई नागरिकको स्वास्थ्य सेवा र औषधोपचार कार्यलाई थप प्रभावकारी बनाइनुका साथै औषधि भण्डारणको लागि उपयुक्त व्यवस्था गरिनेछ ।

२६. लमहीमा सर्पदंश उपचार केन्द्र सेवा संचालनको लागि संघीय सरकार तथा प्रदेश सरकारको सहकार्यमा पर्याप्त औषधि, उपकरण तथा जनशक्ति व्यवस्था गरिनेछ । साथै प्रदेश सरकारको सहयोगमा लमहीमा निर्माण हुन लागेको ट्रमा सेन्टर भवनको लागि आवश्यक सहजिकरण र समन्वय गरिनेछ ।

२७. स्वास्थ्य संस्थामा नै सुत्केरी हुने दर बढाई मातृ तथा नवशिशु स्वास्थ्य र पोषणस्थितीमा सुधार ल्याउन स्वास्थ्य संस्थामा सुत्केरी गराउन आउने आमाहरुलाई थप प्रोत्साहनको ब्यवस्था गरिने छ ।

२८. विगत वर्ष देखि सञ्चालित जेष्ठ नागरिक, अल्पसंख्यक, मुक्त कमलरी, ५ वर्ष मुनिका बालबालिकाहरु र महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई उपलब्ध गराउदै आएको निःशुल्क स्वास्थ्य सेवा कार्यक्रमलाई निरन्तरता दिई थप ब्यवस्थित बनाइने छ ।

२९. **आमा संग उपमेयर कार्यक्रम** अन्तर्गत सुत्केरी अवस्थामा पोषणयुक्त खानाको महत्व दर्शाइ, पोषणयुक्त खानाखाने बानीको विकास गर्न लमही नगरपालिका क्षेत्र भित्रका सुत्केरी आमालाई पोषण खाद्य सामग्री हस्तान्तरण सम्वन्धी कार्यक्रम संचालन गरिनेछ ।

३०. थारु समुदायमा देखिने सिकलसेल एनेमियाका विरामीहरुको उपचारको प्रवन्ध र यस सम्वन्धी सचेतनामुलक कार्यक्रम सञ्चालन गरिने छ । साथै लक्षित समुदायमा निशुल्कः जुका तथा अन्य परिजिवी परीक्षण र हेमोग्लोबिन परीक्षण शिबिर संचालन गरिनेछ ।

३१. सामुदायिक विद्यालयमा अध्यायनरत विद्यार्थीको नियमित स्वास्थ्यजाँच गर्ने ब्यवस्था गरी किशोर किशोरीहरुलाई उचित परामर्शको ब्यवस्था

गरिनेछ भने महिला स्वास्थ्य स्वयं सेविकाको सेवालाई थप प्रभावकारी वनाउन विभिन्न प्रोत्साहनका कार्यक्रम ल्याइनेछ ।

३२. **हाम्रो स्वास्थ्य ; हाम्रै हातमा** भन्ने नारा लाई जनस्तरमा पुऱ्याउन योग शिक्षा शिविर संचालन गरिनेछ । रोग प्रतिरोधात्मक क्षमता बढाउने तथा विकार निर्मूलपार्ने आयूर्वेद सेवालाई बढावा दिन दक्ष कविराजको व्यवस्था गरी आयूर्वेद चिकित्सा पद्दतिप्रति जनमानसमा आकर्षण पैदा गरिनेछ ।

३३. स्वास्थ्य संस्था संचालन तथा ब्यवस्थापन समितिका कार्यहरु थप प्रभावकारी वनाइनुका साथै स्वास्थ्य संस्थाको नियमित अनुगमन गरी स्वास्थ्यकर्मीको मनोवल तथा क्षमता बढाउन समयानुकूल तालिम संचालन र सुशासन कायम गर्ने कार्य लाई प्राथमिकता दिइनेछ । स्वास्थ्य सुचना प्रणाली तथा आपुर्ति ब्यवस्थापनलाई थप ब्यवस्थित गर्न सम्पुर्ण स्वास्थ्य संस्थाहरुवाट अनलाईन प्रतिवेदन प्रविष्ट गर्ने ब्यवस्था मिलाइनुका साथै समिक्षा प्रणालीलाई थप ब्यवस्थित बनाइने छ ।

३४. क्यान्सर, मधुमेह, दम, कलेजो, मिर्गौलाका विरामी तथा उच्च रक्तचाप लगायतका नसर्ने रोगको पहिचान परीक्षण र उपचारका कार्यक्रमहरु प्रदेश तथा संघीय सरकारसँग समन्वय गरी थप प्रभावकारी बनाइने छ ।

३५. पूर्णखोप सेवा उपलव्ध वडा घोषणा गर्ने कार्यक्रमलाई निरन्तरता दिइनुका साथै उपयुक्त तवरबाट खोप सामग्री भण्डारण गरी गुणस्तरीय खोप सेवा प्रदान गरिने व्यवस्था मिलाईनेछ ।

३६. **हाम्रो विद्यालय, राम्रो विद्यालय** अभियानमा सरोकारवालाहरु तथा समुदाय सँग हातेमालो गरी अगाडि बढने नीति लिइनेछ । साथै शिक्षा क्षेत्रका योजना तथा कार्यक्रमहरु र नगर क्षेत्रका शैक्षिक धरोहरहरुलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारमा प्रतिस्पर्धा गर्न सक्ने क्षमतावान जनशक्ति तयार पार्ने तर्फ लक्षित बनाइनेछ ।

३७. नगरपालिका क्षेत्र भित्रका विपन्न, अपांग तथा असहाय बालबालिकाहरुलाई उच्च प्राथमिकताका दिदै छात्रवृत्ति लगायत अन्य सकारात्मक शैक्षिक वातावरण सृजना गरी शैक्षिक गुणस्तर सुधार गरिनेछ ।

३८. **दक्ष शिक्षक नियमित विद्यार्थी ; प्रभावकारी शिक्षण गुणस्तरीय सिकाई** को लक्ष्य हासिल गर्न विद्यालयको शैक्षिक वातावरण, शिक्षक र विद्यार्थीको उपस्थिति, अन्तरविद्यालय परीक्षा केन्द्र र परीक्षण पद्दति जस्ता विधि अवलम्बन गरिनेछ । साथै शिक्षकको क्षमता विकासमा सघाउ पुऱ्याउने खालका कार्यक्रम संचालनमा विशेष जोड दिइनेछ ।

३९. समुदायस्तरमा रहेका बालविकास केन्द्रहरुको स्तरोन्नति गरी वडास्तरबाटै नमूनायोग्य कार्य गर्न प्रोत्साहित गरीनुका साथै बालविकास केन्द्रमा कार्यरत सहजकर्ताहरुको योगदानलाई उचित मूल्याङ्कन गर्ने नीति अवलम्वन गरिनेछ ।

४०. यस नगरक्षेत्र भित्रका विद्यालयहरुमा शिक्षक दरबन्दी मिलान गरी विद्यार्थी संख्या न्युन भएका विद्यालयहरुलाई भौगोलिक अवस्थिति र भौतिक पूर्वाधारहरुको आँकलन गरि एक आपसमा स्थानान्तरण वा गाभ्ने नीति लिइनेछ ।

४१. विद्यालय शिक्षाको आधार प्रारम्भिक कक्षाहरुलाई बालमैत्री बनाउन छापामय कक्षाकोठा, तालिम प्राप्त शिक्षक र आधारभुत शैक्षिक सामग्रीहरुको व्यवस्था मिलाइनेछ ।

४२. शैक्षिक अनुदानको कार्यक्रमलाई विद्यार्थी शिक्षक अनुपात, कार्य सम्पादन र विद्यालय सुधार योजना आदिका माध्यमबाट न्यायोचित ढंगले सम्बोधन गरिनुका साथै प्राविधिक विषय संचालन गर्न विद्यालयहरुलाई प्रोत्साहन दिइनेछ ।

४३. लमही नगरपालिका, नीजि क्षेत्र र सामाजिक क्षेत्रको संयुक्त सहभागितामा बहुप्राविधिक शिक्षालय स्थापना र संचालनको लागि आवश्यक व्यवस्था मिलाइनेछ । साथै देउखुरी बहुमुखी क्याम्पसको गुणस्तर सुधार तथा स्तरोन्नतिका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

४४. नमुना विद्यालयहरुलाई पर्याप्त पूर्वाधार विकासमा प्रोत्साहन गर्दै नगर क्षेत्रका शैक्षिक गुणस्तर, सरसफाई एवं व्यवस्थापकीय दृष्टिले उत्कृष्ट रहेका विद्यालय छनौट गरि पुरस्कृत गरिनेछ ।

४५. कोभिड-१९ को कारण पठनपाठनमा सिर्जना भएको अवरोधलाई दृष्टिगत गरि वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाई सहजीकरणका लागि समसामयिक यथोचित पहल गरिनेछ । साथै, सामुदायिक तथा संस्थागत विद्यालयका बिच देखिएको उपलब्धिको खाडललाई कम गर्न सिकाई हस्तारण कार्यक्रमलाई अगाडी बढाइनेछ ।

४६. नगर शिक्षा योजना, नगर शिक्षा ऐन तथा स्थानीय पाठ्यक्रम तयार गरि कार्यान्वयनमा लैजानुका साथै शैक्षिक गुणस्तर अभिवृद्धि गर्न अनुगमनलाई थप व्यवस्थित र बैज्ञानिक बनाउन Clinical Supervision जस्ता साधनहरुको अवलम्वन गरिनुका साथै विद्यालय शिक्षामा सूचना प्रविधिको प्रयोग गरि शैक्षिक व्यवस्थापनलाई चुस्त दुरुस्त पारिनेछ ।

४७. चिकित्सा शिक्षा (MBBS) अध्ययन गर्ने नगर क्षेत्रका विपन्न, जेहेन्दार तथा कमजोर आर्थिक स्थिति भएका मध्येबाट १ (एक) जना विद्यार्थीलाई अध्ययन अवधिभरको लागि सामाजिक संघ सस्था तथा नीजि क्षेत्रको सहकार्यमा निश्चित प्रतिशत रकम छात्रवृत्ति प्रदान गरिनेछ ।

४८. **मेयर कप खेलकुद प्रतियोगिता** तथा अन्य खेलकुद प्रतियोगिता आयोजना गरि युवा तथा विद्यार्थीहरुमा स्वच्छ प्रतिस्पर्धी भावनाको विकास गराई शारीरिक, मानसिक र शैक्षिक विकास गर्ने नीति लिइनेछ ।

४९. **युवाको लागि खेलकुद ; स्वास्थ्यको लागि खेलकुद** नारालाई आत्मसात गर्दै खेलाडि तथा खेल पूर्वाधारमा लगानि बढाउन प्रोत्साहित गर्ने नीति लिइनेछ । साथै युवा लक्षित विभिन्न क्षमता विकास तथा सिप हस्तान्तरण कार्यक्रममा जोड दिइनेछ ।

५०. भर्खरै विद्यालय शिक्षा पुरा गरेका तथा शिक्षित तर बेरोजगार युवाहरुलाई सरकारी सेवातर्फ लोक सेवा तयारी कक्षा तथा परामर्श कक्षाका माध्यमबाट प्रेरित गरिने छ । साथै युवा तथा शिक्षित बेरोजगारहरुलाई प्राथमिकतामा दिदैं स्वारोजगार मुलक कार्यमा संलग्न स्थानीय युवा उद्यमीहरुलाई प्रोत्साहित गरिने छ ।

५१. **एक वडा-एक उद्यान र एक वडा-एक जलाशय** कार्यक्रम संचालन गर्न सामुदायिक वन, टोल विकास संस्था तथा बिद्यालयहरु सँग सहकार्य गर्दै उद्यान, नहर, पोखरी तथा पानीका मूल संरक्षण गर्न विभिन्न कार्यक्रम संचालन गरिनेछ । साथै खहरे खोलाहरुमा चेक ड्याम निर्माण गरि जलभण्डार गर्ने नीति लिइनेछ ।

५२. **सफा घर ; स्वच्छ शहर** भन्ने नारालाई आत्मसात गर्दै टोल विकास संस्थाहरुलाई परिचालन गरि सरसफाईका कार्यक्रमहरु अगाडि बढाइने छ ।

५३. नगरपालिका भित्रका खाली सार्वजनिक जग्गाको अभिलेखिकरण गरी बिभिन्न जातका बोटबिरुवाहरु बृक्षारोपण गरी दिर्घकालीन संरक्षणको नीति लिइने छ । साथै पार्क निर्माणको लागि बिनियोजित रकमको कम्तिमा ४० प्रतिशत रकम अनिवार्य रुपमा हरियाली कार्यक्रमको लागि खर्च गर्नै पर्ने व्यवस्था मिलाइनेछ ।

५४. विपद जोखिम न्यूनीकरण तथा ब्यवस्थापनका लागि बिशेष नीति लिइनेछ । नगरपालिकामा स्थापित **आपत्कालिन कार्य संचालन केन्दलाई** आधारभूत स्रोतसाधन सम्पन्न बनाईनेछ । सबै वडा कार्यालयहरुमा विपद ब्यवस्थापनका आधारभूत सामग्री भण्डारणको ब्यवस्था मिलाईनुका साथै

विपद्को समयमा राहत तथा उद्धारलाई सहज बनाउन आवश्यक हेलिप्याड निर्माण गरिनेछ ।

५५. बिपद जोखिम न्यूनीकरण तथा ब्यवस्थापनको क्षेत्रमा उत्कृष्ट कार्यसम्पादन गरेका अन्य सरकारी, गैरसरकारी निकायसंग समन्वय तथा सहकार्य गरी समानान्तर सिकाइको अवधारणालाई ब्यवहारमा उतारिने छ । यसको लागि अन्तर निकाय समन्वयको कार्यलाई बलियो बनाइनेछ ।

५६. वातावरण, सरसफाई तथा विपद् व्यवस्थापनका क्षेत्रमा उदाहरणीय कार्य गर्ने ब्यक्ति, संस्था र टोलबिकास संस्थालाई पुरस्कृत गरी प्रोत्साहन गर्ने नीति लिइनेछ ।

५७. दिसाजन्य लेदो ब्यवस्थापनको लागि सरकारी, गैरसरकारी तथा निजी क्षेत्रको समन्वयमा दिगो तथा बैज्ञानिक ब्यवस्थापन गर्न प्रशोधन प्लान्ट (Treatement Plant) निर्माण गर्ने कार्य यसै आ.व.मा सम्पन्न गरिनेछ ।

५८. **मेरो फोहर ; मेरो जिम्मेवारी** भन्ने भावना हरेक नगरवासीमा जागृत गराउन फोहरमैला ब्यवस्थापन कार्यबिधि अनुसारका कार्यक्रमहरु कार्यान्वयन गर्ने नीति लिइनेछ । साथै लमही नगरक्षेत्रबाट उत्सर्जन हुने फोहर व्यवस्थापनको लागि स्थायी ल्याण्ड फिल साइट निर्माण गरिनेछ ।

५९. नगरपालिका भित्र फोहर संकलन गर्दा स्रोतमा नै छुट्याउने गरी नागरिकलाई प्रोत्साहित गरिने छ । साथै Recycle, Reuse and Reduce को अवधारणालाई व्यवहारमा उतार्न सचेतनात्मक कार्यक्रमहरु संचालन गरिनेछ ।

६०. तोकिएको भन्दा बाहेक ठाउँमा पार्किङ्ग गर्ने, फोहर ब्यवस्थापनका लागि सार्वजनिक सवारी साधनमा डष्टबीन नराख्ने, फुटपाथमा र सडकमा निर्माण सामग्री राख्ने, सतही ढलमा शौचालयको ढल मिसाउने लगायतका वातावरण बिगार्ने जस्ता गतिबिधि निरुत्साहित गर्ने नीति लिइनेछ ।

६१. प्रदेश सरकारको **एक घर, एक धारा**को नीतिलाई आत्मसात गर्दै लमही नगरवासीको खानेपानीमा पहुँच अभिवृद्धि गर्नका लागि आधार रेखा तयार गर्ने तथा वास इकाईको स्थापना गरी खानेपानी तथा सरसफाई सम्वन्धी कार्य संचालन गरिनेछ ।

६२. नेपाल सरकारको **स्वच्छ नेपाल** अभियानलाई आत्मसात गर्दै यस नगरक्षेत्र भित्रका राजमार्गको निश्चित दुरीमा खानेपानी सहित शौचालयको व्यवस्था गरिनेछ ।

६३. कृषकहरुलाई व्यावसायिक खेती पद्दति तर्फ उन्मुख गराउन खेती योग्य जमिनको चक्लाबन्दी गर्ने कार्यमा उत्प्रेरित गर्ने खालका कार्यक्रम सञ्चालन गरिनेछ ।

६४. कृषि उत्पादनले उचित मूल्य पाउने गरी बजारको व्यवस्था गरिनेछ । साथै नगरपालिका क्षेत्र भित्रका बजारवाट टाढा भएका ठाउँबाट कृषि उपजलाई बजारसम्म पुऱ्याउन ढुवानीमा विशेष अनुदान प्रदान गरिनेछ । साथै प्रत्येक वडामा कृषि उपज संकलन केन्द्र तथा कृषि हाट बजार स्थापना गर्ने कार्य लाई निरन्तरता दिई किसानको कृषि उपजले उचित मुल्य पाउने व्यवस्था मिलाइनेछ ।

६५. **टोल-टोलमा कृषक समूह ; गाउँ-गाउँमा सहकारी** कार्यक्रम संचालन गरी कृषकहरुलाई संगठित र आत्मनिर्भर तुल्याइनेछ । संघीय सरकारसँगको समन्वयमा कृषक तथा मजदुरहरुको पहिचान र वर्गीकरण गरी उनिहरुलाई परिचय पत्र वितरण गरिनेछ ।

६६. कृषिमा आधुनिक प्रविधि भित्राउदै एकल तथा सामुहिकरुपमा किसानलाई आत्मनिर्भर बनाउन कृषिको ब्यावसायीकरण, बैज्ञानिकीरण तथा बिबिधीकरणमा जोड दिइनेछ, साथै कृषिक्षेत्रमा आवश्यक श्रमशक्तिको अभावलाई दृष्टिगत गर्दै आवश्यक ज्ञान, सीप, प्रविधि र लगानीको वातावरण सिर्जना गरि यान्त्रीकरणमा विशेष जोड दिईने छ ।

६७. कृषि उत्पादन तथा उत्पादकत्व वढाउन कृषकहरुलाई कृषि उत्पादन सामग्रीमा ७५ प्रतिशत अनुदान तथा उपकरणमा ५० प्रतिशत अनुदान दिइनेछ ।

६८. सिंचाईको अभाव भएका क्षेत्रमा सुख्खा सहन सक्ने बालीको खेती गर्न कृषकहरुलाई प्रोत्साहन गरिनेछ र सिंचाईको लागी आकाशे पानी संकलनका लागी विभिन्न कार्यक्रम तथा थोपा सिंचाई लगायतका उपयूक्त प्रविधि प्रयोग गर्न कृषकलाई प्रोत्साहन गरिनेछ । साथै कृषि क्षेत्र तथा कृषि औजार तथा सिंचाईको लागि आवश्यक पर्ने विद्युत सहुलियत दरमा सवै किसानको पहुँचमा पुऱ्याउन सहयोग गरिनेछ र नगर क्षेत्र भित्रका सवै खेति योग्य जमिनमा सिंचाई सुविधा पुऱ्याउन जोड दिइनेछ ।

६९. **एक गाउँ ; एक विशेष उत्पादन** कार्यक्रम अन्तर्गत निश्चित बालीको व्यवसायिक उत्पादन बढी हुने क्षेत्रलाई पकेट तथा ब्लक क्षेत्र निर्धारण गरि कृषकलाई एकिकृत सेवाहरु सर्वसुलभ रुपमा प्रदान गरिनेछ ।

७०. यस लमही नगरपालिकालाई बिउ उत्पादनमा आत्मनिर्भर वनाउन नगर बिउ आत्मनिर्भर कार्यक्रम संचालन गरिनुका साथै बाली बिमा गर्न किसानहरुलाई सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ ।

७१. कोभिड-१९ को महामारीका कारण विदेश तथा स्वदेशमै जागिर गुमाएका तथा बेरोजगार युवाहरुलाई व्यवसायिक कृषि तथा पशुपालनमा प्रोत्साहन गर्न यूवा स्वरोजगारीका कार्यक्रम संचालन गरिनेछ ।

७२. कम समयमा तयार हुने र बढी आम्दानी दिने खालका खेती मार्फत विपन्न वर्ग र महिलाहरुको आयस्तर वृद्धि गर्ने कार्यक्रम संचालन गरिनेछ ।

७३. माटो परीक्षण र बाली संरक्षण सेवालाई विशेष कार्यक्रमको रुपमा प्रभावकारी तरिकाले अगाडी बढाईनेछ । साथै विषादीबाट मानव स्वास्थ्यमा पर्ने दुरगामी असरलाई मध्यनजर गर्दै रासायनिक मल तथा विषादीको प्रयोग कम गर्दै प्रागांरिक उत्पादनलाई प्रोत्साहन दिइनेछ ।

७४. पशुपन्छीको नश्लसुधार, पौष्टिक दाना आहाराको व्यवस्था, पशुपन्छी स्वास्थ्य सेवा एवम् उत्पादित पशुजन्य पदार्थको बजारीकरणका चारै पक्षलाई समानान्तर रुपमा अगाडि बढाई एकीकृत रुपमा सेवा प्रदान गर्ने गरी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

७५. गाई, भैसी र बाख्राको कृत्रिम गर्भाधान कार्यक्रमलाई प्रभावकारी बनाई उन्नत नश्लका पशुहरुको संख्यामा वृद्धि गरिनेछ ।

७६. गुणस्तरीय पशुआहारको उपलब्धता बढाउन डालेघाँस, भुईघाँस उत्पादन, बिउ वृद्धि, दाना, औषधी र घाँस समिश्रण मिनरल आदि उत्पादन र प्रयोगका साथै कृषिजन्य उप-पदार्थहरुको सदुपयोगलाई प्रोत्साहन गर्न **एक वडा ; एक पशुपालन स्रोत केन्द्र** स्थापना गर्ने नीति लिइनेछ ।

७७. **पशुपन्छी विशेष उत्पादन क्षेत्र** तोकी त्यस्ता क्षेत्रमा आवश्यक पूर्वाधारको विकास गरी नश्लसुधार, पशु आहारा, पशु स्वास्थ्य सेवा, सुलभ ऋण र बिमा सहितको प्राविधिक सेवा प्रदान गरिनेछ, साथै पशुपन्छी पालनमा बढदो महिला सहभागिता र महिला किसान सशक्तीकरणलाई केन्द्रित गदै साना तथा व्यवसायिक महिलामुखी कार्यक्रम सञ्चालनमा जोड दिइनेछ ।

७८. दुग्ध पदार्थ एवम् मासुको गुणस्तर र स्वच्छतालाई कायम राख्न **बधशालादेखि भान्छासम्म स्वच्छ र स्वस्थ मासु** एवं **गोठदेखि ओठसम्म स्वच्छ र स्वस्थ दूध** कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गरिनेछ ।

७९. लमही नगरपालिकालाई सडक चौपाया मुक्त नगर बनाउन गौशाला व्यवस्थापन गरिनुका साथै सडक तथा सामुदायिक कुकुर नियन्त्रणको लागि कुकुर बन्ध्याकरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

८०. **लमहीको पहिचान ज्येष्ठ नागरिकको सम्मान** कार्यक्रम अन्तर्गत जेष्ठ नागरिकको जिवनमा सहजता ल्याउन जेष्ठ नागरिक दिवा सेवा केन्द्रको स्थापना गरिनुका साथै जेष्ठ नागरिक सञ्जालहरुका कार्यक्रमलाई निरन्तरता दिइने छ । सामाजिक संघ सस्थाहरुको सहकार्यमा बसोबासको उचित प्रबन्ध नभएका तथा घरवाट निकालिएका अपहेलित, असहाय जेष्ठ नागरिक, महिला तथा बालबालिका लागि आश्रय केन्द्र संचालन गरिनेछ ।

८१. महिलाको आर्थिक तथा सामाजिक सशक्तिकरणका लागि सिप विकास तथा व्यक्तित्व विकासका कार्यक्रमहरु संचालन गरी स्थानीय व्यवसायी महिलाद्धारा उत्पादित व्यवसायिक उत्पादनलाई राष्ट्रिय स्तरको वजारमा पहिचान गराउने  तर्फ विशेष जोड दिइनेछ ।

८२. यौन दुर्व्यवहार र घरेलु हिंसामा परेका महिलाहरुलाई उचित संरक्षण, न्याय, मनोसामाजिक परामर्श तथा आयआर्जनमा सहयोग पुऱ्याउने खालका कार्यक्रम संचालन गरिनेछ ।

८३. अपाङ्गमैत्री भौतिक संरचना तयारमा जोड दिदैं मध्यम अपाङ्गता भएका व्यक्तिहरुका लागि रोजगारका अवसर सिर्जना गर्ने खालका व्यवसायिक तथा सिपमुलक कार्यक्रममा सहभागी गराई आत्मनिर्भर वनाउन सहयोग गरिनेछ ।

८४. **हाम्रा बालबालिका ; राम्रा बालबालिका**को मान्यतालाई स्थापित गर्दै यस नगरलाई बालमैत्री नगरका रुपमा घोषणा गरिनेछ । साथै बाल विवाह, वालश्रम अन्त्य गरी बालबालिका माथि हुनसक्ने हिंसा, शोषण, दुर्व्यवहार रोकी बालबालिकाको मानसिक, शारीरिक तथा सामाजिक विकासमा सहयोग पुऱ्याउने कार्यक्रममा जोड दिईनेछ ।

८५. आदिवासी जनजाती, दलित, मुस्लिम, अल्पसंख्यक लगायतका समुदाय र अपाङ्गता भएका व्यक्ति तथा अति विपन्न बर्गलाई लक्षित गरी विभिन्न

आयमूलक कार्यक्रम संचालन गरिनेछ । साथै उक्त वर्ग तथा समुदायको सशक्तिकरणका लागि विभिन्न कार्यक्रमहरु संचालन गरि समावेशिकरण सहितको सामाजिक न्याय कायम गरिनेछ ।

८६. लमही नगरपालिकालाई स्मार्ट सिटीका रुपमा विकास गर्न आवश्यक पूर्वाधार विकास गर्ने तथा नगरपालिकालाई थप सुरक्षित बनाउन पालिकामा जडान भएका CCTV Camera को संख्या थप गरिनेछ ।

८७. डिजिटल बोर्ड मार्फत नगरपालिकाको सूचना प्रवाहमा सरलता ल्याईनुका साथै डिजिटल नागरिक वडापत्रको सुरुवात गरी मोबाइल एप्लिकेशन वाटै गुनासो र उजुरी लिने व्यवस्था मिलाइनेछ ।

८८. कर्मचारीहरुलाई उच्च मनोवल सहित कार्यगर्ने वातावरण तयार गरी उचित प्रोत्साहन गर्दै उनिहरुको क्षमता विकास, अनुशासन तथा वृत्ति विकासमा जोड दिदैं कर्मचारी प्रशासनलाई जवाफदेही, प्रतिस्पर्धि र उत्प्रेरित बनाइनेछ ।

८९. सार्वजनिक सेवालाई शीघ्र, सरल, मितव्ययी र सबैको पहुँचमा पुऱ्याउने तथा सार्वजनिक सेवा प्रवाहलाई स्वच्छ, निष्पक्ष पारदर्शी र सेवाग्राहीमैत्री बनाइनेछ । साथै सेवाग्राहीमैत्री पूर्वाधार र सेवामा तल्लिन राष्ट्रसेवक तयार गर्न थप नियम तथा कार्यविधि बनाई लागू गरिनेछ ।

९०. नेपाल सरकारले अवलम्वन गरको भ्रष्टाचार र लैंगिक हिंसा विरुद्ध शुन्य सहनसिलता नीतिको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

९१. वित्तीय पारदर्शिता तथा सुशासनका लागि नगरपालिका केन्द्र, विषयगत शाखा तथा वडा कार्यालय, स्वास्थ्य संस्था तथा विभिन्न संघ संस्थाबाट संचालन गरिने सवै प्रकृतिका कार्यक्रमहरु, बैठक, गोष्ठी, सभा लगायतका कार्यक्रममा संचालन खर्च कार्यक्रम पूर्व र यथार्थ खर्च कार्यक्रम समापन भएपछि अनिवार्य रुपले सार्वजनिक गरिनेछ ।

९२. नगरपालिकाको आन्तरिक राजश्वलाई सुदृढ गर्न करका दायराहरु बढाई कर सप्ताह, घरदैलो अभियान लगायतका राजश्व अभिबृद्धि गर्ने कार्यक्रमहरु संचालन गरिनेछ । साथै नगरपालिका बाट संचालन हुने कार्यक्रमहरुमा कर तिर्ने व्यक्ति तथा संघसंस्थालाई मात्र सहभागी गराइने नीति लिईनेछ ।

९३. **कर तिरौ ; नगर विकासमा योगदान गरौ** भन्ने भावना नगरवासीमा जागृत गराइनेछ र सवै भन्दा बढी कर तिर्ने करदातालाई सम्मानको कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

९४. नगरपालिकाबाट यस आर्थिक बर्षमा सुरु भई सम्पन्न हुन नसकेका अधुरा योजनाहरु सम्पन्न गर्न प्राथमिकता दिइनेछ । साथै बहुवर्षिय योजनामा आवश्यकता अनुरुप बजेटको व्यवस्था गरी कार्यान्वयन गरिनेछ ।

९५. नगरपालिकाको प्रशासकीय भवनको परिसर व्यवस्थापनका लागि परिसरका पुरानो जिर्ण संरचना हटाई ब्यवस्थित पार्किङ, बगैचासहितको पूर्वाधार निर्माण तथा लिफ्ट जडानका लागि रकम विनियोजन गरि कार्य अगाडि बढाइने छ । साथै आफ्नै भवनमा संचालित वडा कार्यालय तथा स्वास्थ्य संस्था परिसर ब्यवस्थापनको लागि सुन्दरता र स्वच्छता कायम हुने किसिमका बगैचा निर्माण गरिनेछ ।

९६. नगरक्षेत्र भित्रका सडकहरु निर्माण तथा मर्मत सम्भार कार्यलाई प्राथमिकता दिइनेछ । लमहीको विकासमा कायापलट गरि बहुआयामिक सकारात्मक प्रतिफल दिन सक्ने रिङ्गरोड सडक निर्माण कार्यलाई थप प्राथमिकताका साथ अगाडि बढाईनेछ ।

९७. **संचार मैत्री सरकार र विकासमैत्री संचारको** अवधारणा अनुसार नगरपालिकाका कृषि, वातावरण तथा समावेशी विकासमैत्री सामग्री प्रकाशन, प्रसारणमा एफ.एम.रेडियो, टेलिभिजन, पत्रपत्रिका लगायतका स्थानीय संचार माध्यमसँग सहकार्यमा जोड दिदै स्थानीय संचारकर्मीहरुलाई त्यस्ता सामग्री तयार पार्न प्रोत्साहन दिइने छ ।

९८. पूर्वाधार विकासको क्षेत्र बाहेक अन्य लक्षित कार्यक्रम, क्षमता विकास कार्यक्रम तथा अन्य प्रवर्द्धनात्मक कार्यक्रमहरुको प्रभावकारिता वृद्धिका लागि सवै वडामा एकरुपता आउने गरि सम्वन्धित विषयगत शाखा /उपशाखा सँगको समन्वयमा कार्यान्वयन गरिनेछ ।

९९. **जनता संग मेयर कार्यक्रम** अन्तर्गत नगरक्षेत्रका विकास पूर्वाधारबाट वञ्चित रहेका समुदायलाई लाभ पुग्न सक्ने गरी बेरोजगार युवाहरुलाई तत्काल रोजगार प्रदान गर्ने योजना सञ्चालन गरिनेछ ।

१००. विकासलाई प्रभावकारी एवं गुणस्तरीय बनाउनका लागि टुक्रे योजना छनौट हुने प्रबृत्तिको अन्त्य गर्दै ठुला योजनामा बजेट विनियोजन गर्ने र रु

२५ लाख भन्दा बढी लागतका पूर्वाधारका योजनाहरु ठेक्का मार्फत कार्यान्वयन गरिनेछ । त्यस्ता आयोजनाहरुको ठेक्का E-Bidding प्रक्रिया मार्फत अगाडि बढाईनेछ ।

१०१. सवै वडा कार्यालयहरु आफ्नै भवनबाट संचालन गर्ने ध्येयका साथ आफ्नै भवन नभएका वडा कार्यालयहरुमा क्रमशः वडा कार्यालय भवन निर्माण गरी सेवा प्रवाहलाई सहज बनाउने नीतिलाई निरन्तरता दिइनेछ।

१०२. **हाम्रो सडक ; हाम्रै लगानी** कार्यक्रम अन्तर्गत ६०/४० को अनुपातमा नगरपालिका र स्थानीय समुदायको नगदमा आधारित लागत सहभागिता अनुसार विकासमा स्थानीयको अपनत्वबोध गराउने सडक निर्माणका नमूना योजनाहरु संचालन गरिनेछ ।

१०३. नगरक्षेत्र भित्रका सडकहरु निर्माण तथा मर्मत सम्भारकार्यलाई प्राथमिकता दिइनेछ । साथै लमही नगरपालिकाका सवै टोल-बस्ती जोडने गरी निर्माणको क्रममा रहेको लमही नगरपालिकाको विकासको मेरुदण्ड मानिने रिङ्गरोड सडक निर्माण कार्यलाई प्राथमिकताका साथ निरन्तरता दिइनेछ ।

१०४. लमही नगरपालिकाको अर्जुनखोलामा हाई ड्याम तथा जलाशयुक्त आयोजना निर्माणको लागि DPR समेत तयार भई सकेको हुँदा उक्त निर्माण कार्य सुरु गरी उक्त क्षेत्रलाई आन्तरिक पर्यटकीय केन्द्रको रुपमा विकास गरिनेछ ।

१०५. नगरको सुरक्षा र सार्वजनिक सम्पत्तिको संरक्षण गर्न नगर प्रहरीको व्यवस्था गरी सार्वजनिक जग्गा अतिक्रमण गरी घर टहरा निर्माण गर्ने कार्यलाई निरुत्साहित गरिनेछ । साथै सडक छेउका विद्युतपोल व्यवस्थित बनाई पैदलयात्रीको सुरक्षाको लागि लमही बजारक्षेत्रमा व्यवस्थित सडकपेटी निर्माण गरिनेछ ।

१०६. पर्यटन विकास र प्रवर्द्धनका लागि पर्यटन गुरुयोजना बनाई मुख्य मुख्य पर्यटकीय क्षेत्रको विकास, प्रवर्द्धन र प्रचार-प्रसार गरिनेछ । लमही नगरपालिकामा रहेका पर्यटकिय स्थलहरुको श्रव्य-दृष्य डकुमेन्ट्री तयार गरि पर्यटन प्रवर्द्धन गरिनेछ ।

१०७. यस क्षेत्रमा रहेका बगारबाबा धार्मिकस्थल रिहार क्षेत्र, गोरक्षनाथ पिठ, टेङ्नियाबाबा, दुमदुमा भवानी लगायतका अन्य ऐतिहासिक तथा धार्मिक

महत्व बोकेका स्थान एवं मन्दिर, गुम्वा, मदरसा जस्ता धरोहरहरुको संरक्षण, सम्वर्द्धन तथा प्रबर्द्धनात्मक कार्यहरु संचालन गरिनुका साथै नगरक्षेत्र भित्र रहेका जखेरा ताल लगायतका ताल तलैया तथा सिमसार क्षेत्रको संरक्षण गरि नगरको सौन्दर्यता कायम गरिनेछ ।

१०८. यस क्षेत्रमा बसोबास गर्ने थारु लगायतका समुदायको जीविकोपार्जनमा टेवा पुऱ्याउन लागि विभिन्न सिपमूलक तथा क्षमता विकास कार्यक्रम संचालन गरिनेछ । साथै संस्कृति प्रवर्द्धन र आर्थिक लाभ पुऱ्याउन उक्त क्षेत्रमा होमस्टे संचालन गर्ने कार्यक्रमलाई निरन्तरता दिइनुका साथै पर्यटन प्रवर्द्धनका लागि नीजि क्षेत्र तथा अन्य क्षेत्रको सहकार्यमा **जङ्गल सफारी** कार्यक्रम संचालन गरिनेछ ।

१०९. **भाषा र संस्कृतिको सम्मान : लुकेका प्रतिभाको पहिचान** भन्ने नीतिलाई शिरोधार्य गरी विविधतामा समेटिएका सवै जातजातिहरुको भाषा, संस्कृति, लोकसाहित्य, नृत्य, गित संगित, मेला, पर्व, जात्रा आदिको संरक्षण कार्यक्रमका सहयोग गरी सरोकारवालाहरुलाई यस्ता संरक्षणात्मक कार्यक्रम गर्न प्रोत्साहन गरिनेछ ।

११०. लमही नगरपालिका क्षेत्र भित्र रहेका सहकारी संघ संस्थाहरुको संचालन प्रक्रियालाई व्यवस्थित, गुणस्तरीय र पारदर्शी बनाउदै सहकारी क्षेत्रको विकास प्रर्वद्धनका लागि तालिम, क्षमता विकास, अनुगमन तथा नियमनमा विशेष जोड दिइनेछ । स्थानीय उत्पादन वृद्धि, रोजगारी सिर्जना, सामुहिक हित र आर्थिक उपार्जन गर्न सहकारी क्षेत्रको प्रवद्धन गरिनेछ ।

१११. सहकारीको माध्यम वाट पुँजिको अधिकत्तम परिचालन गरी सो पुँजिलाई उत्पादनमा केन्द्रित गरिनेछ । वास्तविक सेवा प्रयोग कर्तामा सहकारीको सदस्यता विस्तार गर्ने नीति व्यवहारमा उतार्नुको साथै सहकारी शिक्षा, सूचना र तालिममा आम नागरिकको पहुँच सुनिश्चित गरिनेछ ।

११२. सहकारी संस्थाहरुलाई कृषि, दुग्ध, माछापालन जस्ता कम खर्चमा बढि फाइदा दिने उत्पादनमूलक कार्यमा लक्षीत हुन जोड दिइनेछ । साथै सहकारीमा बचत गराई उद्यमीलाई सहज तरिकाले कर्जा उपलब्ध गराउन प्रोत्साहित गरिनेछ ।

११३. भूमिहीन, सुकुम्वासी तथा आफ्नो जग्गा नभएका कारण धितो नभई व्यवसायका लागि आवश्यक ऋण लिन नसकेका नगरक्षेत्र भित्र बसोबास

गर्ने व्यक्तिहरुलाई व्यवसायिक कृषि खेती तथा व्यवसाय सञ्चालनको लागि नगरपालिका जमानीमा बसी ऋण दिलाउन सहजीकरण गरिनेछ ।

११४. स्थानिय स्रोत र कच्चा पदार्थ, सीप  श्रम र प्रविधिको उपयोग गर्ने गरी उद्योग प्रवर्द्धन गर्न विशेष  जोड दिइनेछ । साथै लगानी मैत्री तथा प्रतिस्पर्धी औद्योगिक वातावरण बनाई औद्योगिक वस्तुको उत्पादन र रोजगारीका अवसरहरु अभिवृद्धि गर्ने नीति लिईने छ ।

११५. लमही नगरपालिका वडा नं. ७ मा औद्योगिक ग्राम निर्माणस्थलको तारवार लगायतका कार्य गरी संरक्षण तथा सम्वर्द्धनको लागि उचित प्रवन्ध मिलाइनेछ ।

११६.  सम्भावित वडाहरु पहिचान गरी साना तथा मझौला उद्योग स्थापना गर्ने नीति लिईनेछ । साना तथा घरेलु साथै हस्तकला सीप प्रयोग हुने खालका उद्योग प्रवर्द्धन गरी स्थानीय श्रम तथा सीपलाई रोजगारमुखी बनाईनेछ ।

११७. सार्वजनिक स्थलमा रहेका सार्वजनिक सम्पत्ति तथा भौतिक संरचनाहरुको अभिलेखिकरण गरि नियमित मर्मत तथा सम्भारका साथ संरक्षण गरिनेछ । साथै ऐलानी तथा गुठी जग्गामा बसोबास गरिरहेकाहरुलाई संघीय सरकार तथा प्रदेशको समन्वयमा उचित व्यवस्थापन गरिनेछ ।

११८. प्रत्येक वडामा मेलमिलाप केन्द्र स्थापना गर्ने कार्यलाई निरन्तरता दिदैं न्यायिक समितिवाट प्रदान गरिने सेवामा सवै नगरवासीको सरल र सहज पहुँच सुनिश्चित गरिने छ ।

११९. लमही नगरपालिका क्षेत्र भित्र गरिने व्यापार व्यवसायलाई स्वच्छ प्रतिस्पर्धामा आधारित बनाउन प्रोत्साहित गरिनेछ । साथै नियमित बजार अनुगमन गरी उपभोक्ता हित संरक्षण गरिनेछ ।

१२०. बन तथा वन्यजन्तु संरक्षणको लागि सामुदायिक वन उपभोक्ता समिति तथा सुरक्षा निकायको समन्वयमा प्रवर्द्धनात्मक कार्यक्रम अगाडि बढाइनेछ । नदीजन्य पदार्थको अवैध उत्खनन् तथा ओसारपसारलाई नियन्त्रण गर्दै प्राकृतिक सम्पदाहरुको संरक्षणमा जोड दिइनेछ ।

१२१. दक्ष तथा सक्षम जनशक्तिको विकास गरी आन्तरिक रोजगारीको प्रवर्द्धन गर्न सिपमुलक तालिमको पहिचान गरी बेरोजगार व्यक्तिहरुलाई आवश्यक

तालिम दिइने छ । संघ तथा प्रदेशले ल्याएको रोजगारमुलक कार्यक्रमहरुमा अपनत्व कायम गर्दै रोजगारीका क्षेत्र विस्तार गरी यस लमही नगरपालिकामा सूचिकृत भएका बेरोजगार व्यक्तिहरुलाई न्युनतम रोजगारी प्रदान गर्न नीति लिइनेछ ।

१२२. आन्तरिक रोजगारी सिर्जना गर्न निजी क्षेत्र, सहकारी तथा गैरसरकारी क्षेत्र सँग समन्वय र सहकार्यमा जोड दिदैं कोभिड-१९ का कारण रोजगारी गुमाउनेहरुलाई रोजगारीको व्यवस्था गर्न आवश्यक कदम चालिनेछ ।

**नगर सभा सदस्यज्यूहरु,**

कोभिड-१९ को सङ्क्रमणलाई नियन्त्रण र रोकथाम गरी रोजगारी गुमाएकाहरुलाई आर्थिक उपार्जनको बाटो देखाउदैं सहज दिनचर्या निर्माणमा यो दस्तावेजको भूमिका उल्लेखनीय रहने विश्वास व्यक्त गर्न चाहन्छु । प्रस्तुत नीति तथा कार्यक्रमले **हाम्रो लमही-राम्रो लमही** नारालाई व्यवहारमा उतार्न विकासका प्राथमिकता र बजेट तर्जुमाको आधारलाई प्रस्तुत गरेको छ । यसको कार्यान्वयनका लागि प्राप्त हुने रचनात्मक सुझावलाई मार्गदर्शनको रुपमा लिई सवैको संयुक्त प्रयास, समन्वय, सहकार्य र अपनत्वबोधबाट प्रस्तुत नीति तथा कार्यक्रम लमहीको विकासमा कोशेढुंगा सावित हुनेछ ।

लमही नगरपालिकाको समग्र विकासको आधार तय गर्ने यो नीति तथा कार्यक्रम तयार गर्दा सद्भाव र सल्लाह सुझाव दिनुहुने बिषयगत समिति, विभिन्न राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, नीजि क्षेत्र, प्राज्ञिक क्षेत्र, संचारकर्मी, नागरिक समाज, अग्रज व्यक्तित्व, स्थानिय सामाजिक संघ संस्था लगायत आम नगरवासीप्रति धन्यवाद ज्ञापन गर्दै हार्दिक आभार प्रकट गर्न चाहन्छु ।

**धन्यवाद ।**